नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ९७ २०८१ साल कात्तिक २६ गते सोमबार (11 Nov. 2024 Monday) मूल्य रु. ५/-

## डेंगुबाट बचौं


- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वातावरण संरक्षणमा ... ३ पृष्ठमा : मधेश प्रदेशमा वनजङ्गलका.. ३ पृष्ठमा : इजरायली आक्रमणमा १३ ...

# तलब माग्दै शिक्षक र कर्मचारीद्वारा नगरपालिका कार्यालयमा तालाबन्दी





**दैनिक समाचारदाता**
**राजविराज, २५ कात्तिक ।**

विगत पाँच महिनादेखी तलब भत्ता नपाएका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका शिक्षक, शिक्षिका र कर्मचारीले आइतबार पालिका कार्यालयमा तालाबन्दी गरेका छन ।

शिक्षक तथा कर्मचारीद्वारा गठित आन्दोलन परिचालन समितिका संयोजक अशोक कुमार यादवको अगुवाइमा सो तालाबन्दी गरिएको हो । आन्दोलित शिक्षक र कर्मचारीले नगरपालिकाको मुल गेट मै तालाबन्दी गरेपछी नगरपालिकाको सम्पुर्ण सेवा ठप्प भएको हो ।

दशौ खर्चसहित विगत ५ महिनाको तलब नपाएको भन्दै शिक्षक र कर्मचारीले संघर्ष समिती नै गठन गरी गत कार्तिक ६ गतेदेखी पालिका कार्यालय अगाडी धर्ना दिदै आएका थिए ।

तलबका लागी पटक पटक नगर प्रमुख विरेन्द्र माझीलाई लिखित र मौखिक आग्रह गर्दा पनि आश्वासन बाहेक केही नपाइएकाले बाध्य भई तालाबन्दी गर्नु परेको आन्दोलन परिचालन समितीका संयोजक यादवले बताए । उनले माग पुरा नभए सम्म तालबन्दी जारी राख्ने र काममा नफर्कने अडान समेत राखेका छन ।

शिक्षिका प्रियंका झाले चाडपर्वको वेला समेत तलब पाउन नसक्दा जीवनयापन धान्ने र दैनिकी काम गर्न समस्या भएको बताईन । पालिकाले परिषद् हुन नसकेको कारण देखाई गत साउनदेखी हाल सम्मको तलब उपलब्ध नगराएको उनको गुनासो छ ।

**"पालिकाका २ सय २५ शिक्षक र विभिन्न पदका ५ सय गरी ७ सय कर्मचारी आन्दोलित ।"**

**"आन्दोलनका कारण ३० वटा सामुदायिक विद्यालयका ७ हजार ८ सय ७३ बालबालिका पढाईबाट बञ्चित ।"**

शिक्षक तथा मानवश्रोत विकास केन्द्रले देशभरीका पालिकाकालाई पटक पटक निर्देशन तथा पत्राचार गरेर शिक्षकहरुलाई नियमितरुपमा तलब दिनु भने पनि यस पालिकामा कुनै वास्ता नगरिएको उनको कथन छ ।

हनुमाननगर कंकालिनी नगरपालिका मातहतमा ३० वटा सामुदायिक विद्यालय छन । जसमा ७ हजार ८ सय ७३ बालबालिका अध्यनरत छन । शिक्षकहरु विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिएपछी उनीहरुको पठन पाठन समेत ठप्प भएको छ । उक्त पालिकामा २ सय २५ शिक्षक र विभिन्न पदका ५ सय गरी ७ सय कर्मचारी छन ।

नगर प्रमुख बिरेन्द्र माझीले केही विषयमा विवाद सृजना भई समय मै नगरसभा हुन नसकेकाले तलब खुवाउन समस्या भएको बताएका छन । उनले उक्त समस्या समाधानका लागी आफुले पहल गरिरहेको दाबी समेत गरे ।

बाढी पीडितको रकम वितरण अनियमितता भएको भन्दै १५ दिन अघि स्थानीयले उक्त पालिकाको ५ वटा वडा कार्यालयमा गरेको तालाबन्दी जारी नै रहेका बेला पालिकामा समेत तालाबन्दी हुदा सेवाग्राही समेत समस्यामा परेका छन ।

# रास्वपाका अध्यक्षलाई थप १३ दिन हिरासतमा राख्न अदालतको अनुमति

**दैनिक समाचारदाता**
**काठमाडौं, २५ कात्तिक ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप १३ दिन हिरासतमा राख्न कास्की अदालतले अनुमति दिएको छ ।

आइतबार कास्की अदालतका न्यायाधीश नवराज दाहालको इजलास रविलाई थप १३ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको हो ।

अनुसन्धानका लागि अदालतले पछिल्लो पटक दिएको म्याद सकिएपछि रविमाथि थप अनुसन्धान गर्नका लागि पुनः म्याद थप गरिएको हो । रविसँगै सहकारी ठगी प्रकरणमा हिरासतमै रहेका पूर्वडीआइजी छविलाल जोशी, लीला पछाई र रामकुमार खनाललाई पनि १३ दिन म्याद थप गरिएको छ ।

उनीहरुविरुद्ध सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधको समेत मुद्दा छ ।

# मानव तस्करीको अभियोग लागेका प्रदेशसभा सदस्यमाथी अनुसन्धान गर्न दुई दिनको म्याद

**दैनिक समाचारदाता**
**काठमाडौं, २५ कात्तिक ।**

नेकपा एमालेका प्रदेशसभा सदस्य लिलाबल्लभ अधिकारीमाथि अनुसन्धान गर्न प्रहरीले दुई दिनको म्याद पाएको छ ।

काठमाडौं जिल्ला अदालतले उनीमाथि अनुसन्धान गर्न दुई दिनको म्याद दिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

न्यायाधीश खिमानन्द भुसालको इजलासले दुई दिनको म्याद दिएसँगै प्रहरीले अधिकारीमाथि मानव बेचबिखनसम्बन्धी कसुरमा अनुसन्धान हुने जनाएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँका एक अधिकृतले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ अधिकारीमाथि आकर्षित भएकाले सोहीबमोजिम अनुसन्धान हुने जानकारी दिए ।

जापानमा आफूसँगै असम्बन्धित मान्छेलाई लगेर मानव तस्करी गरेको अभियोग उनीमाथि छ । उनीसहितका केही व्यक्तिलाई जापानको अध्यागमनले फिर्ता पठाइदिएसँगै यो विषय बाहिरिएको थियो । सोही प्रकरणमा पक्राउ परेका ६ जनाको बयानको आधारमा उनलाई पनि प्रहरीले आइतबार विराटनगरबाट पक्राउ गरेर काठमाडौँ ल्याएको हो ।

# प्रहरीद्वारा बरामद पटाका नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, २५ कात्तिक ।**

सप्तरी प्रहरीले दिपावली र छठ पर्वका बेला बरामद गरेको पटाकाहरु नष्ट पारेको छ ।

विभिन्न नाकाबाट भित्र्याइएको पटाकाहरु जिल्ला प्रहरी कार्यालय सप्तरीमा आइतबार खाल्टो खनेर नष्ट पारेको हो ।

विभिन्न स्थानमा सुरक्षाकर्मीले चेकजाँचका क्रममा जफत गरेका आलुबम, नागिन पटाका, सप्तरंगी पटाका, बुलेट बम लगायतका पटाका नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

"राज्यले प्रतिबन्ध गरेका पटाका नभित्र्याउन र यसको प्रयोग नगर्न प्रहरीका अनुरोधका बावजुद कतिपयले भारतबाट लुकाईछिपाई पटाका ल्याएको भन्दै प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले पटाकाको सानो झिल्कोले पनि ब्यक्ती, परिवार र समाजलाई क्षति पुऱ्याउने गरेको बताए ।

दैनिक उपयोग्य समान संगै उपभोक्ताहरु पटाका पनि लुकाई छिपाई ल्याउने गरेको पाइएकाले यसको क्षतिबारे समाजलाई जागृत बनाउन सबैको सहयोग आवश्यक रहेको प्रहरी उपरिक्षक खतिवडाको भनाई छ ।

# विदेश जाने नेपाली युवालाई निःशुल्क योग सिकाइने

काठमाडौँ, २५ कात्तिक (रासस) ।

विश्व शान्ति तथा अध्यात्म विज्ञान समाज नेपालले विदेश जानुअघि नेपाली युवालाई निःशुल्क योग सिकाउने भएको छ ।

समाजले राजधानीमा आयोजना गरेको वृहत युवा भेलामा संस्थापक आचार्य राजन शर्माले विदेश जानुअघि नेपालीलाई निःशुल्क रुपमा दुई सयदेखि चार सय घण्टासम्म योग सिकाउन लागिएको जानकारी दिनुभएको हो ।

कार्यक्रममा योगगुरु डा हरिप्रसाद पोखरेलले योग भूमि एवं हिमालयको देश नेपालमा ऋषिमुनिले तपस्या गरेको उल्लेख गर्दै नेपालमा योग, ध्यान सिक्न विदेशबाट समेत वार्षिक हजारौं मानिस आउने गरेको बताउनुभयो ।

सहप्राध्यापक श्रीराम सापकोटाले सुख र दुःख आफ्नै कारणले हुने विचार राख्नुभयो । पूर्वसचिव भीम उपाध्यायले यस्ता कार्यक्रमले युवालाई उत्प्रेरित गर्ने बताउनुभयो । कार्यक्रममा आचार्य शर्माका सुखसूत्र, योगदर्शन र प्राकृतिक चिकित्सा, आयुर्वेद अमृत दर्शन र विज्ञान भैरवतन्त्र गरी चार पुस्तक पनि विमोचन गरिएको थियो ।

**खुशीको खबर ! खुशीको खबर !! खुशीको खबर !!!**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**
सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११

## सम्पादकीय

### बालबालिकाप्रति ध्यान राखौं

बालबालिकाहरु अहिले पढाई भन्दा पनि मोवाइल, टिभिमा बढी ध्यान केन्द्रित हुनेगरेका छन् । सुरुमा अभिभावकहरुले बच्चालाई मोवाइल, टिभि हेर्न दिएर आफ्नो काम गर्न लाग्छन् । तर यसले गर्दा उनीहरु एकहोरो भइरहेको कुरालाई मनन् गर्न सक्दैनन् । उनीहरु अभिभावकहरुबाट पाउनुपर्ने माया नपाउँदा एकहोरो भइरहेका हुन्छन् । जसकारण उनीहरुको यस्ता गतिविधीले पढाईमा समेत असर परिरहेको छ । त्यसबोहक बालबालिकाहरु चिडचिडा समेत भइरहेका हुन्छन । यसर्थ विद्यालय पश्चात् घर फर्केपछि बालबालिकाप्रति अभिभावकहरु जिम्मेवार रुपमा प्रस्तुत हुनु आवश्यक छ ।

अहिलेका बालबालिकाहरु पढाई भन्दा बढी डिजिटलप्रेमी भएका छन् । आधुनिक युगका यी बालबालिकाहरु जन्मदै डिजिटल प्रविधिप्रति बढी आकर्षित भएको देखिन्छन् । अभिभावकले घरमै पढाउन ध्यान दिन नसक्नुले पनि उनीहरुको पढाईबाट रुची घट्नु स्वभाविकै हो । यसबाहेक उनीहरु लागूऔषधतर्फ समेत आकर्षित हुने सम्भावना समेत बढ्छ । प्रहरीको तथ्याङ्क अनुसार लागुऔषधको लतमा फस्ने मध्ये बढी कलिला उमेरका बालबालिकाहरु छन् । अभिभावक जिम्मेबार नबन्दा उनीहरु कुलतमा फस्ने गरेका छन् ।

तसर्थ अभिभावकहरुले आफ्ना बालबालिकालाई पढाईमा बढी ध्यान केन्द्रित गराउनु सक्नु पर्छ । उनीहरुलाई कुनै पनि बहानामा एकहोरो छोड्नु हुदैन् । सक्दो आफ्नो कामबाट केही समय विश्राम लिएर पनि बालबालिकाहरुलाई समय दिनेतर्फ अग्रसर हुनु जरुरी छ । यस्ता कार्यप्रति विशेष सहकर्ता अपनाउनु अति आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# वातावरण संरक्षणमा महिला सहभागिता

**अमृता अनमोल**

काठमाडौँ, २५ कात्तिक (रासस) ।

स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक हक हो । तर, पछिल्लो समय स्वच्छ र स्वस्थ वातावरण हराउँदै गएकाले वातावरण संरक्षण गर्नु जरुरी छ । सामान्यतया, वातावरण संरक्षण भनेको पृथ्वीका प्राकृतिक स्रोतहरु, जैविक विविधता, पानी, हावा, माटो वनस्पति र वन्यजन्तुलाई संरक्षण र सन्तुलनमा राख्ने प्रक्रिया हो । वातावरणीय सन्तुलन कायम राख्ने हो भने प्राकृतिक स्रोतहरुलाई दीर्घकालसम्म उपयोग गर्ने बनाउनुपर्छ । वातावरणीय प्रदूषण हटाउनुपर्छ । वन र जलस्रोतको व्यवस्थापन हुनुपर्छ । जीवजन्तुहरुका बासस्थानको संरक्षण गर्नुपर्छ । वातावरण र विकासबीच सन्तुलन कायम राख्नुपर्छ । जलवायु परिवर्तनको असर कम गर्न प्रकृति, वातावरण र जैविक विविधतालाई प्रतिकूल असर पार्ने तत्वहरुको न्यूनीकरण गर्नुपर्छ ।

वातावरण विनाशका कारण धेरै हुन सक्छन् । त्यसमध्ये वन विनाश वातावरण विनाशको प्रमुख कारण मानिन्छ । रुख कटानबाट जैविक विविधता, हावाको गुणस्तर र माटोको संरक्षणमा नकारात्मक असर पर्छ । वनमा बसोबास गर्ने वन्यजन्तुको बासस्थान हराउँदै जान्छ । पृथ्वीको कार्बन चक्रमा पनि असन्तुलन ल्याउँछ । वातावरण विनाशको दोस्रो कारण औद्योगीकरण र सहरीकरण हो । यसले पृथ्वीका प्राकृतिक स्रोतहरूको दोहन बढाएको छ । औद्योगिक क्रियाकलापमा रसायन, धातु, र प्लाष्टिकजन्य उत्पादनहरूको प्रयोगले हावा, माटो, र पानीमा विषाक्त पदार्थहरूको मात्रा बढाउँछ । कारखानाबाट निस्कने धुवाँले वायुमण्डललाई प्रदूषित बनाउँछ । यसबाहेक, प्लाष्टिकको अत्यधिक प्रयोग र यसलाई नष्ट गर्ने प्रभावकारी उपायको अभावले वातावरण विनासमा ठूलो भूमिका खेलेको छ । जलवायु परिवर्तन र हरितगृह ग्यास उत्सर्जन, प्रदूषण, कृषिमा रासायनिक पदार्थको अत्यधिक प्रयोग, जलस्रोतहरूको अत्यधिक दोहन, प्राकृतिक बासस्थानको विनास, जनसङ्ख्या वृद्धिलगायत पनि वातावरण विनासका कारण हुन् ।

वातावरण संरक्षण कसले गर्ने ? यसको सिधा जवाफ हुन्छ मानिसले । मानिसबीच पनि वातावरण संरक्षणको काममा लैंगिक रुपमा हेर्दा महिलाको भूमिका धेरै हुन्छ । महिलालाई केही सीप र शिक्षा दिने हो भने वातावरण विनास रोकिने र दिगो वातावरण संरक्षण हुने देखिन्छ । नेपाली समाजमा घरगोठ सम्हाल्ने अधिकांश महिला छन् । कृषिदेखि करेसाबारीसम्मको धेरै काम गर्ने महिला छन् । यही घरगोठ र कृषिको जिम्मेबारी सम्हाल्ने क्रममा धेरै प्राकृतिक स्रोतको उपयोग हुन्छ । प्राकृतिक स्रोतको दोहनले स्वच्छ वातावरण विनास भएको छ । कतिपय अवस्थामा खाना पकाउने इन्धनकै कारण वातावरण प्रदूषित भएको छ । वातावरण प्रदूषण हुँदा त्यसको असर पनि पुरुषको तुलनामा महिलालाई धेरै परेको छ । चाहे काठ, दाउरा वा भुसे चुल्होमा खाना बनाउँदा होस् चाहे काठ, दाउरा र घाँसपातको खोजीमा वनजङ्गलमा जाँदा वन्यजन्तुको आक्रमणमा परेर महिला नै धेरै प्रभावित भएका छन् । तिनै महिलालाई घरगोठ र कृषिको भूमिका निभाउँदा थोरै सीप सिकाए वातावरण स्वस्थ र स्वच्छ हुन्छ । सामान्य रुपमा हेरौं, घरभित्र कम पानी खर्चिदा, बिजुली बत्ती खेर नफाल्दा, दाउराको साटो वैकल्पिक ऊर्जा प्रयोग गर्दा, घर आसपासमा करेसाबारी र फूलबारी बनाउँदा, पशुको आहारका लागि वनजङ्गलका घाँसपात जथाभावी काट्नुको साटो वैकल्पिक व्यवस्था गर्दा वृक्षरोपण गर्दा प्राकृतिक स्रोत व्यवस्थापन हुन्छ भने वातावरणको संरक्षण हुन्छ ।

नेपाली समाजमा धेरै महिलाको जिम्मामा भान्सा छ । भान्सा सम्हाल्दा खाना, पानी र इन्धनको जोहो महिला आफैंले गर्नुपर्छ । खाना बनाउने इन्धनका रुपमा अहिले पनि धेरै काठ, दाउराको प्रयोग हुन्छ । दाउराका लागि काठको सट्टा विद्युतीय चुल्हो, ग्यास वा गोबरग्यास प्रयोग गर्न सकिन्छ । यसले वनविनाश हुनबाट रोकिन्छ । भान्सामा प्रयोग हुने कुहिने र नकुहिने फोहोरको छुट्टै व्यवस्थापन गर्नसक्ने हो भने वातावरण प्रदूषण हुनबाट रोकिन्छ । कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउन सकिन्छ । जुन मल करेसाबारीमा प्रयोग हुन्छ । यसले माटोको जैविकता र उर्भरा शक्ति बढाउँछ । नकुहिने फोहोर धेरैको पनि वैकल्पिक प्रयोग गर्न सकिन्छ । जस्तो कि, भान्सामा प्रयोग हुने दूध, चाउचाउ, चिउरालगायतका प्लाष्टिकका खोलबाट ढकिया, कलम राख्ने होल्डर, ट्रेलगायत बनाउन सकिन्छ । थोरै सीप सिकाउने हो भने चकटी गुन्द्री बुन्ने महिलाले सजिलै प्लाष्टिकबाट सजाबटका सामग्री बनाउनेछन् । किनमेलमा प्लाष्टिकको साटो कागज वा कपडाको झोला प्रयोग गर्न सिकाए दीर्घकालिन रुपमा प्लाष्टिकको प्रयोग घटाउन सकिन्छ ।

हाम्रो समुदायमा व्यक्तिगतदेखि पारिवारिक र वातावरणीय सरसफाइको भूमिका पुरुषभन्दा महिलाकै काँधमा छ । खाना बनाउने, सरसफाइ गर्नेदेखि लुगा धुने काममा पानीको कम प्रयोग गर्दा र वर्षाको पानी सङ्कलन गरेर सदुपयोग गर्दा पानीको स्रोत जोगाउन सकिन्छ । नियमित रुपमा घर, आँगन र टोलको सरसफाइ गर्दा फोहर हुँदैन । फहोर नभए वातावरण प्रदूषित हुँदैन । सरसफाइले वातावरण स्वच्छ बनाउन सकिन्छ ।

अहिले पनि वनमा निर्भर हुने महिलाको सङ्ख्या धेरै छ । पशु चराउन जाने र घाँस दाउरा काट्ने धेरै महिला हुन्छन् । पशु आहाराका लागि जथाभावी जङ्गलमा घाँसस्याउला काट्नु साटो घाँसे खेती गर्न सिकाउन सकिन्छ । पशुचरणका लागि थोरै वा छुट्टै वन छुट्याउन पनि सकिन्छ । खाली जग्गामा वृक्षरोपण गर्न सकिन्छ । यसबाट घाँसपात सहजै उपलब्ध हुन्छ । आयमूलक बोटबिरुवा लगाउँदा महिलाको आम्दानी पनि बढ्छ । वन फडानी पनि रोकिन्छ । घर अगाडि वा आसपासमा रहेको खाली जग्गामा फूलबारी वा करेसावारी बनाउन सकिन्छ । यसले घरआँगनको वातावरण स्वस्थ, मनमोहक र हरियाली बनाउछ ।

कृषिमा संलग्न महिलाहरुले खेतीपातीका क्रममा पनि थोरै ध्यान दिंदा वातावरण जोगाउन सकिन्छ । जथाभावी रसायनिक मलको प्रयोग गर्नु साटो कम्पोष्ट मल प्रयोग गरे माटो र जैविक विविधताको संरक्षण हुन्छ । विषादीको कम प्रयोगले माटोमा जैविकता बचाउन सकिन्छ । भूमिगत पानीको अत्यधिक दोहनले जलको उपलब्धता घटाउने र कृषि क्षेत्रमा जल अभाव बढाउँछ । यसका कारण जमिनमुनिको पानीको सतह तल जान्छ र भू-क्षयको खतरा पनि बढ्छ । जैविक खेतीसँगै उन्नत सिँचाइ प्रणालीको सुविधा बढाउनसके वातावरणीय संरक्षणमा सघाउछ । स्थानीय उत्पादन बढाए लामो दूरीबाट खाद्यसामग्री ल्याउने ढुवानी रोक्न र धुँवा प्रदूषण हुनबाट बचाउन एवं कार्बन उत्सर्जन कम गर्न सकिन्छ ।

निष्कर्षमा भन्नुपर्दा जल, जमिन र हावालाई प्रदूषणमुक्त बनाउनु र प्राकृतिक स्रोतहरुको संरक्षण गर्नु वातावरण संरक्षण गर्नु हो । गृहस्थ जीवनमा धेरै महिला भएका कारण वातावरण संरक्षणमा महिलाको प्रत्यक्ष संलग्नता र भूमिका हुन्छ । घर गृहस्थ सम्हाल्दा पानी, ऊर्जा र खाद्य स्रोतको प्रयोग धेरै पुरुषभन्दा महिलाले गर्छन् । यिनको व्यवस्थापन र वचत विधि सिकाउने हो भने स्रोतको खपत र सदुपयोग बढ्छ । खेतीपातीमा जथाभावी रसायनिक मल र विषादी कम गर्नसके जैविक विविधता बचाउन सकिन्छ । सामाग्रीको पुनःप्रयोग, फोहोर व्यवस्थापन र कम प्रदूषक पदार्थको प्रयोग गर्न सिके वातावरण संरक्षणमा महत्वपूर्ण भूमिका खेल्छ । वन व्यवस्थापन र संरक्षणमा पुरुषभन्दा धेरै महिला छन् । प्राकृतिक स्रोत वनको दिगो व्यवस्थापन गरे कार्बन सञ्चतीकरण गर्न सकिन्छ ।

सबैभन्दा ठूलो कुरा वातावरण संरक्षणसम्बन्धी नीति र कार्यक्रम तर्जुमामा महिला सहभागिता बढाउनुपर्छ । अहिले तीन तहका सरकार छन् । स्थानीय तहका वडादेखि प्रदेश र सङ्घीय सरकारका नीति र योजना तर्जुमामा महिला सहभागिता बढाउनुपर्छ । योजनाहरुलाई लैंगिक उत्तरदायी बनाउनुपर्छ । समूदाय र गैरसरकारी सङ्घसस्थाले गरेका वातावरणीय संरक्षण र कार्यान्वयनमा महिलालाई अग्रसर बनाउनुपर्छ । समुदायमा आधारित वातावरणीय परियोजनामा महिला नेतृत्व बढाएर वातावरण संरक्षणका लाभ र फाइदामा प्रत्यक्षरुपमा सहभागी बनाउनुपर्छ । वातावरण संरक्षण नीतिमार्फत महिला सशक्तीकरण र लैंगिक समानता प्रवद्धन गर्नसके वातावरण संरक्षणमा दिगो प्रभाव पर्ने छ भने महिला नेतृत्व र रोजगारी प्रवर्द्धनमा पनि सहयोग पुग्नेछ । वातावरणीय व्यवस्थापन र संरक्षण कुरामा होइन, व्यवहारमा देखिनछ । अब वातावरण विनास रोकी दिगो वातावरण संरक्षण गर्न गाउँदेखि सहरसम्मका महिला जुट्न आवश्यक छ । वातावरणीय मुद्दालाई लैङ्गिक र महिलामैत्री बनाउनुपर्छ । टोलटोलका महिलालाई वातावरणीय विनाश रोकी वातावरण संरक्षण गर्ने विधि सिकाउन आवश्यक छ । गृहस्थ जिम्मेवारी निभाउने महिलाले भान्सादेखि गोठसम्म र खेतबारीदेखि वनपाखासम्मका क्रियाकलापमा स्रोतको समुचित प्रयोग गर्ने र प्रदूषण कम प्रविधि प्रयोग गर्न सकिन्छ । *(लेखक पत्रकार हुनुहुन्छ)*

# उखु उत्पादक र चिनी उद्योगका समस्या समाधान गर्न मन्त्री भण्डारीको प्रस्ताव

काठमाडौँ, २५ कात्तिक (रासस) ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उखु उत्पादक किसान र चिनी उद्योगका समस्या दिर्घकालिन रुपमा समाधान गर्न प्रस्ताव गर्नुभएको छ ।

नेपाल चिनी उद्योग सङ्घका पदाधिकारीसँगको आज मन्त्रालयमा भएको छलफलका क्रममा उहाँले उखु किसान र चिनी उत्पादक उद्योगीका समस्या सरकारले दीर्घकालीन रुपमा समाधान गर्नुपर्ने भएकाले सरोकारवालासहित एक विशेष कार्यदल बनाउन प्रस्ताव राख्नुभयो ।

“उद्योग मन्त्रालयको आपूर्ति तथा उपभोक्ता हित महाशाखाका सहसचिवको नेतृत्वमा कृषि मन्त्रालय, चिनी उत्पादक उद्योगी, उखु उत्पादक किसान, चिनी आयातकर्ता र नेशनल साल्ट्र ट्रेडिङका प्रतिनिधि सम्मिलित विशेष कार्यदल बनाएर १५ दिनभित्रमा समस्या समाधानको निष्कर्ष निकाल्न मेरो अनुरोध छ, यो प्रक्रिया छिट्टै थाल्न म मन्त्रालयको मातहतका निकायमा निर्देश गर्छु”, मन्त्री भण्डारीले भन्नुभयो ।

उहाँले जहिले पनि उखु उत्पादक किसान र चिनी उत्पादक उद्योगीले समस्या

बाँकी तीन पृष्ठमा

# मधेश प्रदेशमा वनजङ्गलका क्षेत्र घट्दै

काठमाडौँ, २५ कात्तिक (रासस)। मधेश प्रदेशमा रहेका वन/जङ्गलका क्षेत्र क्रमिक रूपमा घट्दै गएको एक तथ्याङ्कले जनाएको छ।

मधेश प्रदेशमा रहेका आठ जिल्लामा पाँच हजार छ सय ९२ हेक्टरभन्दा बढी वनक्षेत्र अतिक्रमण भएको बताइएको छ।

मधेश प्रदेश वन मन्त्रालयबाट प्राप्त जानकारी तथा तथ्याङ्कअनुसार प्रदेशमा करिब दुई लाख दुई हजार दुई सय हेक्टर जमिन वनजङ्गलले ढाकेको छ। पाँच हजार छ सय ९२ हेक्टर वनको जमिन अतिक्रमण भएको जनाइएको छ।

मन्त्रालयबाट प्राप्त विवरणमा सप्तरीमा ७ दशमलव २५ हेक्टर, सिरहामा नौ सय ९३ दशमलव १४० हेक्टर, धनुषामा आठ सय ७२ हेक्टर, महोत्तरीमा तीन सय २९ दशमलव ८० हेक्टर, सर्लाहीमा एक सय ६४ दशमलव ७८ हेक्टर, रौतहटमा तीन हजार एक सय ९० दशमलव ५४० हेक्टर, बारामा शून्य दशमलव ३४० हेक्टर तथा पर्सामा एक सय ३४ दशमलव ३२० हेक्टर वन अतिक्रमण भएको हो।

मधेश प्रदेशको कूल क्षेत्रफलको २२ दशमलव ८ प्रतिशत वनको क्षेत्रफल रहेको छ। कूल वनक्षेत्रमध्ये ७१ हजार तीन सय ६९ हेक्टर वनमा क्षेत्र पाँच सय चारवटा सामुदायिक वन रहेको बताइएको छ।

साथै ४० लाख नौ सय १२ दशमलव ३३ हेक्टर वन १६ साझेदारी वनका रूपमा व्यवस्थापन भइरहेको छ। नेपालमा पूर्ण रूपमा वनक्षेत्र नभएका एक सय पाँच स्थानीय तह लगभग १४ प्रतिशत रहेको बताइएको छ। जसमध्ये करिब ८० प्रतिशत मधेश प्रदेशमा रहेको छ। मधेश प्रदेशका एक सय ३६ स्थानीय तहमध्ये ८९ मा वन भने छैन। वनक्षेत्र भएका स्थानीयमध्ये पनि करिब तीन चौथाइ स्थानीय तहमा शून्य ५ प्रतिशतभन्दा पनि कम वनक्षेत्र रहेको विवरणमा उल्लेख गरिएको छ।

मन्त्रालयका अनुसार वन संरक्षण तथा अतिक्रमणका सम्बन्धमा भए/गरेका विभिन्न अध्ययनमा पहाड, तराई तथा भित्रीमधेशका जिल्लामा विभिन्न राष्ट्रिय वन, सामुदायिक वन, साझेदारी वन, संरक्षित वनक्षेत्रका जमिन अतिक्रमण भएको हो।

नेपाल सरकारद्वारा व्यवस्थापन गरिएको वनमा खाली संरक्षण काम मात्र गर्ने गरिएको, संरक्षणका नाममा वृक्षरोपण गरिएको भए पनि काठको अवैध वन कटानी, काठदाउरा चोरी र वन डढेलो र चोरी-सिकारी रोक्ने कार्यतर्फ सो ध्यान नदिएको विश्लेषकको भनाइ छ। साथै वनजङ्गलका क्षेत्रमा बाटाघाटो र मठमन्दिर निर्माणले पनि वनजङ्गल मासिँदै गएको बताइएको छ।

वनको सुरक्षाका लागि वन सुरक्षा निकाय भए पनि उनीहरूले पनि आफ्नो कार्यक्षेत्रमा जाँदैनन् भन्ने वनका कर्मचारीहरू बताउँछन्। वन अतिक्रमणका सम्बन्धमा मधेश प्रदेश वन निर्देशनालयका प्रमुख जगन्नाथप्रसाद जयसवालले वन अतिक्रमण हटाउने कार्य योजनाबद्ध रूपमा अगाडि बढेको दाबी गर्नुहुन्छ। वन अतिक्रमण हटाउने सम्बन्धमा जिल्लाहरूमा सूचना जारीसमेत गरिएको बताउँदै यसमा राजनीतिक सहयोग तथा प्रतिबद्धताको खाँचो रहेको उहाँको भनाइ छ।

### उखु उत्पादक ...

ल्याएर सरकारलाई गुहारिरहनुपर्ने कुराको अन्त्य गर्नुपर्नेमा जोड दिँदै उखु किसानलाई खेती गर्नेतर्फ अभिप्रेरित गर्न आग्रह गर्नुभयो। चिनी उद्योगीका समस्या समाधानमा सरकार सधैँ सकारात्मक मात्र नभइ आवश्यक सहयोगका लागि तयार रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले उद्योगीलाई उखु किसानका मर्का सम्बोधन गर्न पनि अनुरोध गर्नुभयो।

नेपाल चिनी उद्योग सङ्घका अध्यक्ष शशिकान्त अग्रवालसहितको टोलीले सरकारले भारतबाट चोरी निकासी भएर अवैध रुपबाट ल्याइने चिनी बन्द गर्नुपर्ने, उखु किसानलाई उन्नत बीउ वितरण गर्नुपर्ने लगायतका माग राखेको थियो।

चिनी उद्योगबाट मङ्सिरदेखि चैतसम्मको कुल उत्पादित मोलासेसको पचास प्रतिशत सञ्चित गरी बाँकी पचास प्रतिशतसम्म निकासी गर्न दिने व्यवस्था भएकामा हाल विभिन्न आन्तरिक राजस्व कार्यालयबाट सो नियमको अपव्याख्या गरिएको भन्दै सङ्घले मन्त्री भण्डारीको ध्यानाकर्षण गराएको छ।

स्वदेशमा समेत बिक्री गरिएको मोलासेसको परिमाण घटाइ बाँकी रहेको मोलासेसको पचास प्रतिशत मात्रको अनुमति स्वीकृत गर्ने गरेकाले निकासीमा बाधा अवरोध खडा गरिएकामा सङ्घले मोलासेस निकासी गर्नुको विकल्प नभएको हुँदा सोको समाधानका लागि माग गरेको छ।




## विश्व समाचार

### इजरायली आक्रमणमा १३ बालबालिकासहित ३० जनाको मृत्यु

वासिङ्टन, २५ कात्तिक (रासस/एएफपी)।

गाजाको नागरिक सुरक्षा निकायले प्यालेस्टिनी भूभागको उत्तरमा दुई घरमा इजरायली आक्रमणमा परी १३ बालबालिकासहित ३० जनाको मृत्यु भएको जनाएको छ।

उत्तरी गाजाको जबालियाको एक घरमा आइतबार बिहान भएको पहिलो आक्रमणमा १३ बालबालिकासहित कम्तीमा २५ जनाको मृत्यु हुनुका साथै ३० जनाभन्दा बढी घाइते भएका नागरिक सुरक्षा निकायले जनाएको छ।

गत अक्टोबर ६ देखि इजरायली सेनाले उत्तरी गाजाको जबालियालगायत क्षेत्रमा हमास लडाकूसमूहलाई पुनः सङ्गठित हुनबाट रोक्न चाहेको भन्दै हवाई तथा स्थलगत आक्रमण गरिरहेको छ। गाजा शहरको साबरा क्षेत्रमा भएको अर्को आक्रमणमा पाँच जनाको मृत्यु भएको छ भने अन्य अझै बेपत्ता छन्।

"अझै पनि धेरै सर्वसाधारण भग्नावशेषमुनि पुरिएका छन्," प्यालेष्टिनी सुरक्षा निकायले भनेको छ।सन् २०२३ को अक्टोबर ७ मा दक्षिणी इजरायलमा एक हजार २०६ जनाको मृत्यु भएको हमासले गरेको आक्रमणपछि गाजामा युद्ध सुरु भएको थियो।

इजरायलको जवाफी कारबाहीमा गाजामा ४३ हजार ५५२ जनाको मृत्यु भएको मृतकमध्ये अधिकांश सर्वसाधारण रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। गाजा युद्ध जारी छ र यो क्रमशः लेबनानतर्फ विस्तार भएको देखिन्छ।

### अमेरिकी लडाकू विमानद्वारा यमनमा आक्रमण

वासिङ्टन, २५ कात्तिक (रासस/एएफपी)।

अमेरिकी लडाकू विमानले यमनी हुथी समुहको अत्याधुनिक हतियार भण्डारण केन्द्रमा शनिबार राति थुप्रै आक्रमण गरेको पेन्टागनले जनाएको छ। हुथी समूह यमनमा सक्रिय रहेको इरान समर्थित विद्रोही समूह हो।

पेन्टागनले एएफपीलाई उपलब्ध गराएको जानकारीअनुसार यी सुविधाहरूमा 'रेड सी' र एडेनको खाडीमा अन्तर्राष्ट्रिय जलक्षेत्रमा यात्रा गर्ने सैन्य र नागरिक जहाजहरूलाई लक्षित गर्न प्रयोग गरिने विभिन्न हतियारहरू थिए।

हुथीद्वारा सञ्चालित अल मसिराह टेलिभिजन नेटवर्कले राजधानी सानाको दक्षिणी अल सबिन जिल्लालाई लक्षित गरी तीन अमेरिकी र बेलायती आक्रमण भएको पुष्टि गरेको छ।

"प्रत्यक्षदर्शीहरूले राजधानी सानाका विभिन्न भागमा विस्फोटका साथै तीव्र गतिमा भएका उडानको आवाज सुनेको बताएका छन्," अल मसिराहले आफ्नो समाचारमा उल्लेख गरेको छ।

संयुक्त राज्य अमेरिका र बेलायतले जनवरीदेखि यमनको हुथी समूहले रेड सी र एडेनको खाडीमा विद्रोहीहरूले गरेको आक्रमणको जवाफमा पटक-पटक आक्रमण गर्दै आएका छन्।

विद्रोहीहरूले विश्वव्यापी रूपमा महत्वपूर्ण जलमार्गमा सामुद्रिक यातायातअवरुद्ध गरेको र ती आक्रमण इजरायलको स्वामित्व भएका वा यससँग जोडिएका जहाजहरूलाई लक्षित गरी भएका जनाएका छन्। हुथीले गाजा युद्धका बेला प्यालेस्टिनीहरूप्रति ऐक्यबद्धता जनाउने उद्देश्यले आक्रमण गरेका बताइएको छ।

यी आक्रमणहरूले विश्व व्यापारको १२ प्रतिशत हिस्सा ओगट्ने 'रेड सी' मार्गलाई गम्भीर रूपमा अवरुद्ध पारेको छ।करिब एक वर्षको अवधिमा १०० भन्दा बढी हुथी आक्रमणमा चार नाविक मारिएका छन् भने दुई जहाज डुबेका छन्। त्यस्तै एउटा जहाज र यसका चालक दलका सदस्यलाई गत नोभेम्बरमा अपहरण गरी हिरासतमा राखिएको छ।

हुथी विद्रोही नेता अब्दुल मलिक अल हुथीले अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई समर्थन गरेको भन्दै आलोचना गरेको तीन दिनपछि शनिबारको आक्रमण भएको हो ट्रम्पले मध्यस्थता गरेको अरब मुलुक र इजरायलबीच भएको सामान्यीकरण सम्झौताले मध्यपूर्वको द्वन्द्व अन्त्य गर्न नसकेको र उहाँको दोस्रो कार्यकालमा हुने मध्यस्थता पनि फेरि असफल हुने हुथी अधिकारीले बताएका छन्।

### मेक्सिकोको बारमा बन्दुकधारीको आक्रमण, १० जनाको मृत्यु

मेक्सिको सिटी, मेक्सिको, २५ कात्तिक (रासस/एएफपी)।

मेक्सिकोको मध्य भागमा रहेको क्वेरेटारो सहरको एक बारमा शनिबार बन्दुकधारीले आक्रमण गर्दा १० जनाको मृत्यु भएको छ।

क्वेरेटारोको सार्वजनिक सुरक्षा विभागका प्रमुख जुआन लुइस फेरुस्काका अनुसार आक्रमणकारीले शहरको लस क्यान्टारिटोस बारभित्र गोली चलाएका थिए।

उहाँले सामाजिक सञ्जालमा आक्रमणस्थलको एक भिडियो पोष्ट गर्दै भन्नुभएको छ, "आपतकालिन सेवाहरू घटनास्थलमा पुगेका छन् र एउटा पिकअप ट्रकमा लामो हतियारले सुसज्जित कम्तीमा चार जना व्यक्ति आएको पुष्टि भएको छ।

उहाँले भन्नुभयो, "आक्रमणबाट घटनास्थलमा १० जनाको मृत्यु भएको थियो भने कम्तीमा सात जना घाइते भएका थिए।" फेरुस्काका अनुसार एक संदिग्धलाई नियन्त्रणमा लिइएको छ र आक्रमणमा प्रयोग गरिएको गाडी बेवारिसे अवस्थामा फेला परेको छ।

क्वेरेटारोलाई बढ्दो हिंसा, यसको अधिकांश हिस्सा लागुऔषध तस्करी र गिरोहसँग जोडिएको मेक्सिकोको सुरक्षित शहरमध्ये एक मानिन्छ।मेक्सिकोमा सन् २००६ देखि अहिलेसम्म चार लाख ५० हजार मानिसको हत्या भएको छ।

# तिहार र छठ सकिएसँगै किसान धान काट्न व्यस्त



राजविराज (सप्तरी), २५ कात्तिक (रासस)।

तिहार र छठ सकिएसँगै सप्तरीको पूर्वी भेगका किसान धान काट्न र भित्र्याउने व्यस्त हुन थालेका छन्। यो वर्ष समयमा वर्षा भएकाले उत्पादन राम्रो हुनुका साथै भित्र्याउने बेला पनि मौसमले साथ दिएपछि किसान उत्साहित छन्।

जिल्लाको सप्तकोशी, कञ्चनरुप र हनुमाननगर कङ्कालिनी नगरपालिका तथा तिरहुत, महादेव र अग्निकृष्णासवरण गाउँपालिकाका किसान धान भित्र्याउन व्यस्त हुन थालेका हुन्। अग्निकृष्णासवरण-४ का किसान रमेश यादवले मौसमले साथ दिएकाले धान भित्र्याउन सहज भएको बताउनुभयो। धान काटिसकेर गहुँ लगाइने भन्दै उहाँले पानी नपर्दै गहुँ छर्नुपर्ने भएकाले हतारमा काम भइरहेको उल्लेख गर्नुभयो।

"गाउँका अधिकांश युवा वैदेशिक रोजगारमा गएकाले गाउँघरमा धान काट्ने मजदुरको अभाव छ। वर्षभरि घर खर्च चलाउन १० कठ्ठा जग्गामा धान रोपेका छौं। समयमा भित्र्याएर गहुँ छरेपछि अलि फुर्सद हुन्छ", यादवले भन्नुभयो।

स्थानीय सरस्वतीदेवी यादवले पनि परिवारलाई सघाउँदै हुनुहुन्छ। उहाँले खेतीपाती गर्न मेहनत आवश्यक पर्ने भन्दै सरोकार भएका निकायले किसानलाई आवश्यक अनुदान तथा प्राविधिक सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

यहाँका किसानले खेतको धान भित्र्याएपछि तोरी, आलु, तरकारी, मकै र गहुँ लगाउने गर्दछन्। धान वर्षभरिको खर्च जुटाउने मुख्य बाली भएकाले परिवारका सबै सदस्य काममा खटिएको सरस्वतीदेवीले बताउनुभयो।

पाकेको बाली काटर मात्रै राख्दा झरेर जाने समस्या आउने भएकाले कुट्ने, झार्ने, थन्काउने काममा अग्निकृष्णासवरणको बनौली, टेङरी, चिमटीलगायत क्षेत्रका किसान व्यस्त भएका स्थानीय मनोजकुमार यादवले बताउनुभयो। "विगतका वर्षमा भन्दा यसवर्ष धान उत्पादन राम्रो छ। दुई बिघा जग्गामा धान रोपाइँ गरेको थिएँ, मनग्य उत्पादन भएपछि उत्साहित छौँ", उहाँले भन्नुभयो।

गत असोज ११ र १२ गते परेको अविरल वर्षासँगै आएको बाढीले सप्तकोशी, मोहुली, जीतालगायत खोला किनारमा रहेका अधिकांश किसानको धानखेत बगरमा परिणत भएको थियो।

तिरहुत-३ का बुधिलाल यादवले भित्र्याउने बेला भएको धानखेत बगर बनेपछि पीडित अहिले राहत र सहयोगको पर्खाइमा रहेका बताउनुभयो। यहाँस्थित चन्द्रनहरबाट समयमा सिँचाइ सुविधा नपाउँदा किसान अकाशे पानीको भरमा बस्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ। आठ महिनादेखि नहरको पुलहरू पुनःनिर्माण भइरहेकाले सिँचाइ अभाव भएको स्थानीय बताउँछन्।

चन्द्रनहरअन्तर्गत सप्तरीको सप्तकोशी नगरपालिकाको फतेपुरबाट महादेवा गाउँपालिकाको पकरीस्थित खाँडो खोलासम्म तत्काल ३२ वटा नयाँ 'साइफन' पुनःनिर्माण भइरहेका छन्।

जिल्लाको पूर्वी भेग तोपा, मन्सापुर, भगवतपुर, अकवरपुर, महादेवा, सोनरा, पकरी, कजौली, बथनाहा, इनर्वा, भारदह, चक्ला, विषहरियालगायत गाउँमा किसानले यसअघि चन्द्रनहरबाट सिँचाइ सुविधा पाउने गरेकामा अहिले महँगोमा डिजल तथा विद्युतीय प्रणालीमार्फत सिँचाइ व्यवस्था मिलाइएको महदेवा गाउँपालिकाका किसान महेन्द्रप्रसाद यादवले बताउनुभयो।

जिल्लास्थित कृषि ज्ञान केन्द्रले यसवर्ष समयमा रोपाइँ सकिएकाले विगतका वर्षभन्दा यसवर्ष बढी उत्पादन हुने अनुमान गरेको छ।

# घट्दै डेङ्गु संक्रमण

काठमाडौँ, २५ कात्तिक (रासस)।

घट्दो तापक्रम र डेङ्गु नियन्त्रणका लागि गरिएका विभिन्न अभियानले डेङ्गु सङ्क्रमण घट्दै गएको छ। स्वास्थ्य सेवा विभाग अन्तर्गतको ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा(ईडीसीडी)का किटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा गोकर्ण दाहालले तथ्याङ्कले डेङ्गु सङ्क्रमणको ट्रेन्ड घट्दै गएको बताउनुभयो।

उहाँले भन्नुभयो, "डेङ्गु नियन्त्रणका लागि पालिकादेखि खोज र नष्ट अभियान सञ्चालन भएका छन्। तापक्रम घट्नु पनि यसको कारण हो। प्राकृतिक रुपमै चिसोमा लामखुट्टेले अण्डा उत्पादन गर्ने प्रक्रिया कम हुन्छ।"

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले केही समयअघि डेङ्गु नियन्त्रणका लागि देशव्यापी रुपमा लामखुट्टेको बास स्थानको खोजी र नष्ट अभियान सुरु गरेको थियो। मन्त्रालयले हरेक शुक्रबार १० बजेर १० मिनेटमा मन्त्रालय, विभाग, निजामति कर्मचारी, सुरक्षा निकाय, सामाजिक अभियन्ताका साथै आम नागरिकलाई सहभागी हुन आह्वान गरेको थियो। सरकारी तथा गैरसरकारी संस्था तथा नागरिकस्तरमा यो अभियान सञ्चालन भइरहेको छ।

दाहालले विगतका वर्षको भन्दा अहिले सङ्क्रमण दर घटेको बताउनुभयो। उहाँले भन्नुभयो, "त्यस्ता खालका अभियानले पनि घट्न मद्दत गरेको छ। डेङ्गु विश्वव्यापी खतराको रुपमा देखिएको छ। अरु देशको अनुभव हेर्नु भयो भने सङ्क्रमण र अस्पताल भर्ना हुनेको दर पनि बढ्दो छ। हामीले अझै धेरै गर्नुपर्नेछ तर पनि हाम्रो प्रयास र मेहनतले गर्दा सङ्क्रमणलाई घटाएका छौँ।"

ईडिसिडीले उपलब्ध गराएको नोभेम्बर ८ सम्मको तथ्याङ्कअनुसार हाल सबैभन्दा बढी कास्कीमा सात हजार दुई सय ८६ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ। त्यसैगरी काठमाडौँमा चार हजार आठ सय तीन, तनहुँमा दुई हजार तीन सय ७३, पर्वतमा एक हजार सात सय ४९, ललितपुरमा एक हजार दुई सय ४१, बाग्लुङमा एक हजार दुई सय, चितवनमा एक हजार एक सय ७५, भक्तपुरमा एक हजार ३४ जनामा सङ्क्रमण पुष्टि भइसकेको छ।

डेङ्गुबाट मृत्यु हुनेको सङ्ख्या भने हाल १२ छ भने ७६ जिल्लामा सङ्क्रमण फैलिएको छ। प्रत्येक वर्षको जुनदेखि अगस्टसम्मको समयलाई सामान्यतया डेङ्गुले महामारीको रूप लिन सक्ने समय मानिन्छ।

नोभेम्बर ५ को तथ्याङ्क तुलना गर्ने हो भने समष्टिगत रुपमा चार दिनमा देशभर एक हजार दुई सय ४९ जनामा डेङ्गु सङ्क्रमण देखिन्छ। जुन अघिल्लो हप्ताको तथ्याङ्क हेर्दा कम हो।

प्रमुख डा दाहालले भनुभयो भन्नुभयो, "चार हप्तामा डेङ्गु सङ्क्रमण दुई हजार पाँच सयबाट तल आएको छ। यसको ट्रेन्ड एक महिनायता बिस्तारै घट्दो क्रममा छ।" विसं २०८० को पुस मसान्तसम्म देशभर झन्डै ५२ हजारभन्दा बढीमा डेङ्गु सङ्क्रमण पुष्टि भएकोमा २० जनाको मृत्यु भएको थियो।

डेङ्गु एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य रोग हो। लामखुट्टेको टोकाइबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाउने, खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने, खाली भाँडाकुँडा घोप्टयाएर राख्ने, पानीको ट्याङ्की पूरै खाली गरेर सफा गरिरहने, सुत्ने बेला झुलको प्रयोग गर्नाले यसबाट बच्न सकिन्छ।

# ठगीको अभियोगमा दुई पक्राउ

काठमाडौँ, २५ कात्तिक।

वैदेशिक रोजगारीमा दुबई पठाइदिने बहानामा रकम ठगेको अभियोगमा धादिङ गङ्गाजमुना गाउँपालिका-४ का सञ्जीव गुरुङ र क्यानडामा अध्ययनरत विद्यार्थीको कलेज शुल्क दाखिला गरिदिने भनेर ठगेको अभियोगमा सिन्धुपाल्चोक बलेफी गाउँपालिका-८ का गोकर्ण पराजुली पक्राउ परेका छन्।

अभियुक्त गुरुङले दुबई पठाइदिन्छु भन्दै तीन जना पीडितबाट रु १९ लाख ७० हजार र पराजुलीले रु आठ लाख १७ हजार ठगेका थिए। अभियुक्तहरूलाई वैदेशिक रोजगार विभागसमक्ष पेश गरिएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ। काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो।

# हवाई भाडा नियन्त्रणका लागि पाँच बुँदे सहमति

काठमाडौँ, २५ कात्तिक (रासस)।

तोकिए बमोजिमको हवाई भाडा मात्र कायम राख्न र हवाई टिकटको उपलब्धता सहज र सुलभ बनाउन सरोकारवाला निकाय सहमत भएका छन्।

हवाई भाडा नियन्त्रणका लागि नेपाल नागरिक उड्डयन प्राधिकरण र सम्बन्धित सरोकारवालाहरूबीच शनिबार भएको छलफलपछि उक्त विषय कार्यान्वयनका लागि पाँच बुँदे सहमति भएको हो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक १० घन्टा बन्द भएसँगै हवाई भाडादर महँगिएको गुनासो बढेपछि शनिबार प्राधिकरण, अन्तरमन्त्रालयका प्रतिनिधि र स्वदेशी तथा विदेशी हवाई कम्पनीका प्रतिनिधिहरूको बैठकले हवाई टिकटको उपलब्धता एवं सहज र सुलभ हवाई यातायात सञ्चालन गर्न छलफल गरी निर्णय गरेको छ। जसअनुसार एयरलाइन्स कम्पनीहरूले ट्राभल एजेन्सीलाईपछि टिकट बिक्री गर्नेगरी एकमुष्ट रूपमा टिकट बिक्री गर्ने अधिकार (टीबीए) खारेज गर्ने निर्णय भएको छ। अब सम्पूर्ण वायुसेवा कम्पनीहरूले यसको पालना गर्नुपर्नेछ।

सबै वायुसेवा सञ्चालकले दुईपक्षीय हवाई सेवा सम्झौताको 'प्राइसिङ' शीर्षकमा उल्लेख भएअनुसार 'उपभोक्तालाई मर्का पर्नेगरी अनुचित हवाई भाडा असुल गर्न नहुने' प्रावधानको पालना गर्नुपर्नेछ। यही कात्तिक २३ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'ट्याक्सी वे' निर्माणको कार्य सुरु भएको छ। उडान समय कटौतीभएपछि एयरलाइन्सहरूले महँगो हवाईभाडा लिएको गुनासो आइरहेको छ।

त्यस्तै सबै वायुसेवा सञ्चालकहरूले उडान वृत्त बमोजिमको हवाई भाडा सूची तोक्ने तथा सार्वजनिक गर्नुपर्ने निर्णय भएको प्राधिकरणले जनाएको छ। ट्राभल एजेन्सीहरूसँग टिकट बिक्रीको सम्झौता गर्दा निश्चित सङ्ख्या मात्र बिक्री गर्न सकिने र तोकिएको परिधिमा रहेर मात्र सेवा शुल्क लिनेगरी व्यवस्था मिलाउने जिम्मेवारी वायुसेवा सञ्चालककी हुने जनाइएको छ।

बैठकमा प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलासहित संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि र स्वदेशी तथा विदेशी वायुसेवा कम्पनीका सञ्चालकहरू सहभागी थिए।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढारहौं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np